लुम्बिनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# बर्दिया आयुर्वेद स्वास्थ्य केन्द्र

गुलरिया

## आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन






# Contents


बर्दिया जिल्लाको परिचय ..... 1

*जिल्ला परिचय ..... 1*

*बर्दिया जिल्लाको आधारभुत जनसांखिक विवरण ..... 3*

*बर्दिया जिल्लाको धर्म सम्वन्धी विवरण ..... 3*

*बर्दिया जिल्लामा बोलिने भाषाहरुको विवरण ..... 4*

*बर्दिया जिल्लाका प्रमुख जातजातीको विवरण ..... 4*

बर्दिया आयुर्वेद स्वास्थ्य केन्द्रको परिचय ..... 5

*बर्दिया जिल्लामा रहेका आयुर्वेद स्वास्थ्य संस्थाहरुको सूची ..... 6*

*आयुर्वेद स्वास्थ्य केन्द्रको संगठनात्मक संरचना ..... 6*

*आयुर्वेद स्वास्थ्य केन्द्रबाट प्रदान गरिने सेवाको विवरण ..... 7*

*आयुर्वेद स्वास्थ्य केन्द्रको भौतिक सम्पत्तिको विवरण ..... 8*

**स्वास्थ्यकेन्द्रको महत्वपूर्ण पहल(Significant Initiative of Health Centre)** ..... 9

**Ayurveda Health facilities provided by Health Centre (Last 3 F/Y)** ..... 10

**Total clients served (Last 3 Fiscal Years)** ..... 10

**Total clients served (2082/83)** ..... 11

**सेवा ग्राहिमा उल्लेखित विभिन्न सेवाबाट हुने लाभहरू** ..... 12

***१. बहिरङ्ग सेवा(OPD Service)*** ..... *12*

***२. जेष्ठनागरिक सेवा(Geriatric Service)*** ..... *12*

***३. स्तनपायी आमा सेवा (Lactating Mothers Service) तथा शिशु स्वास्थ्य*** ..... *12*

***४. स्वर्णविन्दु प्राशन सेवा कार्यक्रम(Swarnavindu Prashan Services)*** ..... *13*

***५. पञ्चकर्म सेवा(Purvakarma/Panchakarma Services)*** ..... *14*

***६. योग सेवा कार्यक्रम(Yoga Services)*** ..... *15*

*७. आधारभूत प्रयोगशाला सेवा (Basic Laboratory Services)* ...... 15

*८. शल्य चिकित्सा (Surgery Services)* ...... 16

*९. नागरिक आरोग्य सेवा (Nagarik Arogya Services)* ...... 16

*Total OPD Service* ...... 17

*Total Geriatric Service ( जेष्ठ नागरिक सेवा कार्यक्रम)* ...... 17

*Lactating Mothers Service (स्तनपायी आमा कार्यक्रम)* ...... 18

*Total Purvakarma/Panchakarma Services* ...... 18

*Total Yoga Services* ...... 19

*Total Laboratory Services* ...... 19

*Total Surgery Services* ...... 20

*Total Nagarik Arogya Services* ...... 20

*Total Swarnavindu Prashan Services* ...... 21

कार्यक्रम विश्लेषण ...... 21

नागरिक आरोग्य कार्यक्रम ...... 23

**Budget & financial progress as per initial allocated (Amount in NPR thousand)** ...... 23

**Issues and recommendations** ...... 24

**विकास समिति विवरण** ...... 25

कार्यालय प्रमुख र सूचना अधिकारीको विवरण ...... 25

**विभिन्न कार्यक्रमहरुका झलकहरु:** ...... 26

**Action plan of Centre:** ...... 27

# बर्दिया जिल्लाको परिचय

## जिल्ला परिचय

लुम्बिनी प्रदेशमा पर्ने बर्दिया जिल्ला नेपालको पश्चिम क्षेत्रको अन्नभण्डारको रुपमा पनि चिनिन्छ । यो जिल्लाको पुर्वमा बाँके, पश्चिममा कैलाली, उत्तरमा सुर्खेत र सल्यान तथा दक्षिणमा भारतको उत्तर प्रदेश को बहराईच जिल्ला पर्दछ । यस जिल्लाको कुल क्षेत्रफल २०२५ वर्गकि.मी. मध्ये दुई तिहाइ भन्दा बढी भु-भाग (६८.७६प्रतिशत) तराईको समथल जमिनले ओगटेको छ भने बाँकी भाग (३१.२४ प्रतिशत) चुरे पर्वत पर्दछ । बिगतमा आदीबासी थारुहरुको बाहुल्यता रहेको यो जिल्ला पछिल्ला दिनहरुमा बाहिरी जिल्लाहरुबाट बसाईसराईको क्रम बढेसंगै जातिय र साँस्कृतिक बिबिधता रहेको छ ।

बि.स. १९१४ मा भारतमा भएको सिपाही बिद्रोहको समस्या समाधान गर्न तत्कालिन प्रधानमन्त्री श्री ३ जंग बहादुर राणाले ईष्टईण्डिया कम्पनीलाई सहयोग गरेवापत बि.स. १८७३ को सुगौली सन्धीबाट गुमेको भु-भाग मध्ये बि.स. १९१७ मा बाँके, बर्दिया, कैलाली र कंञ्चनपुर नेपाललाई फिर्ता आएकोले बर्दिया लगाएत उल्लेखित जिल्लाहरु नयाँ मुलुकको रुपमा पनि चिनिन्छन । यस जिल्लाको नाम बर्दिया रहनुको पछाडी विभिन्न जनश्रुति, धार्मिक एवम् पौराणीक आख्यानहरु रहेको पाइन्छ । ति मध्ये केही यस प्रकार छन् ।

- थारु भाषामा गाईगोरु पाल्नेलाई वर्दवा भनिन्छ । वर्दिया जिल्लामा गाईगोरुलाई प्रशस्त चरनक्षेत्र भएकोले धेरै गाई गोरु पाल्ने र वर्दवाहरु धेरै बसोबास गर्ने भएकाले पछि वर्दवाबाट अपभ्रंस भई बर्दिया जिल्ला नामकरण रहेको हो भन्ने पनि भनाई छ ।
- साविक पदनाह गा.वि.स. हालको बारबर्दिया नगरपालिकामा वारवर्दिया भन्ने गाँउ छ, पहिले यसै ठाँउमा हरिहर उपाध्याय नामका ठुला जमिन्दारको महल थियो । वर्दियामा खेतिको लागि उन्नत जमिन भएको कारण बाहिरबाट बसाई सराई गरी यसै ठाउँमा आउन थाले र यो ठाउँ प्रसिद्ध हुन थाल्यो, अन्तमा यसै ठाउँको नामबाट बर्दिया जिल्ला नामाकरण रहन गएको हो भन्ने भनाई छ ।

जैविक विविधता, दुर्लभ वन्यजन्तु कृष्णसार संरक्षण, देशकै ठूलो कर्णाली नदी, धार्मिक–भाषिक विविधता, अन्न भण्डार, विविध धार्मिक पर्यटकीय स्थल, धार्मिक साँस्कृतिक, सहिष्णुता समाज समेतले बर्दियाको चिनारी दिइरहेको छ ।


BARDIYA
No. of House of Representative Constituency: 2
No. of Provincial Constituency : 4
ACHHAM
DAILEKH
KAILALI
SURKHET
Bardiya National Park
Geruwa Gaunpalika
Rajapur Nagarpalika
2(2)
Thakurbaba Nagarpalika
2(1)
Madhuwan Nagarpalika
Barbardiya Nagarpalika
1(2)
Bansagadhi Nagarpalika
1(1)
Gulariya Nagarpalika
Badhaiyatal Gaunpalika
INDIA
BANKE
Legend
International Boundary
Province Boundary
District Boundary
House of Representative Boundary
Provincial Constituency Boundary
Palika Boundary
Ward Boundary
Sanskritik Area
National Park/Wildlife Reserve/Hunting Area/Watershed Area
0 3.25 6.5 13 19.5 26 Km
Spatial Data Source : Survey Department
Population Data Source : Population Census 2011, CBS
Government of Nepal
Note:
1 in 1(1) indicates House of Representative Constituency Number and (1) indicates Province Constituency Number within the House of Representative Constituency Number and likewise.
Prepared By : Electoral Constituency Delineation Commission (ECDC), 2074

## बर्दिया जिल्लाको आधारभुत जनसांखिक विवरण

| क्र.सं. | विवरण | मान |
|---|---|---|
| १ | कूल जनसंख्या | ४५९९०० |
| २ | पुरुष | २१६७६६ |
| ३ | महिला | २४३१३४ |
| ४ | कूल घर परिवार संख्या | १०६३३६ |
| ५ | औषत परिवार सदस्य संख्या | ४.३३ |
| ६ | जनघनत्व (प्रति वर्ग कि.मि.) | २२७ |
| ७ | वार्षिक जनसंख्या वृद्धि दर | ०.७२ |
| ८ | शहरी जनसंख्या | १३.०६५ |
| ९ | लैगिक अनुपात | ८९.१५ |
| १० | कूल साक्षरता दर | ७६.९ |
| ११ | पुरुष साक्षरता दर | ८२.९ |
| १२ | महिला साक्षरता दर | ७१.५ |
| १३ | अपेक्षित औषत आयु | ७१ वर्ष |
| १४ | प्रति व्यक्ति आय | १३९९ डलर |
| १५ | मानव विकास सुचकांक | ०.६०२ |

स्रोत केन्द्रिय तथ्याङ्क विभाग

## बर्दिया जिल्लाको धर्म सम्वन्धी विवरण

| क्र.सं. | धर्म | प्रतिशत |
|---|---|---|
| १ | हिन्दु | ९३.४ |
| २ | इस्लाम | ३.१ |
| ३ | क्रिश्चियन | २.७ |
| ४ | वौद्ध | ०.७ |
| ५ | अन्य | ०.२ |

## बर्दिया जिल्लामा बोलिने भाषाहरुको विवरण

| क्र.सं. | भाषा | प्रतिशत |
|---|---|---|
| १ | थारु | ५०.४ |
| २ | नेपाली | ३६.३ |
| ३ | अवधी | ९.८ |
| ४ | मगर | ०.६ |
| ५ | हिन्दी | ०.६ |
| ६ | अन्य | २.३ |

## बर्दिया जिल्लाका प्रमुख जातजातीको विवरण

| क्र.सं. | जातजाती | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | थारु | २३२९९० | ५०.७ |
| २ | क्षेत्री | ५८७७२ | १२.८ |
| ३ | ब्राह्मण (पहाडी) | ३२७८९ | ७.१ |
| ४ | कामी | २८९०२ | ६.३ |
| ५ | मगर | १३८२६ | ३ |
| ६ | मुस्लिम | १३३३० | २.९ |
| ७ | ठकुरी | १०५७७ | २.३ |
| ८ | यादव | ९२१६ | २ |
| ९ | दमाई (ढोली) | ८६५८ | १.९ |
| १० | ब्राह्मण (तराई) | ४८९१ | १.०६ |

स्रोत केन्द्रिय तथ्याङ्क विभाग

# बर्दिया आयुर्वेद स्वास्थ्य केन्द्रको परिचय

लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय मातहतमा रहेको बर्दिया जिल्लाको गुलरिया नगरपालिका वडा नं. ७ स्थित हुलाकी सडकबाट करिब २०० मिटर दक्षिणतर्फ रहेको यस बर्दिया आयुर्वेद स्वास्थ्य केन्द्र विक्रम सम्वत २०५६ मा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको नामबाट स्थापित भएको हो । यस स्वास्थ्य केन्द्रले सिमित श्रोत साधनको अधिकतम प्रयोग गर्दै गुणस्तरीय आयुर्वेद स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ ।

हाल यस स्वास्थ्य केन्द्रमा १ जना आयुर्वेद चिकित्सक सहित जम्मा ७ जनाको दरबन्दी कायम रहेको छ । दरबन्दी संरचना अनुसार कर्मचारी पदपूर्ति नभएता पनी विभिन्न कार्यक्रम अन्तरगत करारमा कर्मचारी नियुक्ति गरी यस स्वास्थ्य केन्द्रले अधिकतम गुणस्तरीय सेवा प्रदान गर्दै आएको छ । यस स्वास्थ्य केन्द्रमा नि:शुल्क बहिरङ्ग सेवा, पंचकर्म/पुर्वकर्म सेवा, सशुल्क प्रयोगशाला सेवा, सशुल्क क्षारसुत्र द्वारा शल्य चिकित्सा सेवा, नियमित योग सेवा, उपचारात्मक योग सेवा, नि:शुल्क औषधी वितरण सेवा, जेष्ठनागरिका लागि स्वास्थ्य प्रवर्धन सेवा, मातृ शिशु सुरक्षार्थ स्तनपायी महिलाहरुका लागि दुग्ध वर्धक औषधी वितरण सेवा एवं आयुर्वेद योग तथा स्वास्थ्यकर जीवनशैली सम्वन्धी परामर्श सेवा प्रदान गर्दै आएको छ ।

जिल्लाका आयुर्वेद संस्था नरहेका स्थानिय तहहरुमा सम्वन्धित स्थानिय तहहरुको समन्वयमा ४ वटा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरि नि:शुल्क बहिरङ्ग सेवा, पूर्वकर्म सेवा, तथा नागरिक आरोग्य अभियान एवं परामर्श सेवा प्रदान गरिरहेको छ ।

## बर्दिया जिल्लामा रहेका आयुर्वेद स्वास्थ्य संस्थाहरुको सूची

| क्र.सं. | संघ/प्रदेश/स्थानिय तह | आयुर्वेद स्वास्थ्य संस्थाको नाम | आयुर्वेद स्वास्थ्य संस्था रहेको | |
|---|---|---|---|---|
| | | | वडा | स्थान |
| १ | प्रदेश सरकार | बर्दिया आयुर्वेद स्वास्थ्य केन्द्र | ७ | गुलरिया |
| २ | गेरुवा गाउँपालिका | मनाउ आयुर्वेद औषधालय | ६ | मनाउ |
| ३ | बढैयाताल गाउँपालिका | जमुनी आयुर्वेद औषधालय | २ | जमुनी |
| ४ | गुलरिया नगरपालिका | मोहम्मदपुर आयुर्वेद औषधालय | ११ | मोहम्मदपुर |
| ५ | बारबर्दिया नगरपालिका | मगरागाडी आयुर्वेद औषधालय | ६ | जयनगर |
| ६ | मधुवन नगरपालिका | नागरिक आरोग्य सेवा केन्द्र | ४ | वेलुवा |
| ७ | बाँसगढी नगरपालिका | नागरिक आरोग्य सेवा केन्द्र | ७ | डेउडाकला |
| ८ | ठाकुरबाबा नगरपालिका | नागरिक आरोग्य सेवा केन्द्र | ४ | वगनाहा |
| ९ | राजापुर नगरपालिका | नागरिक आरोग्य सेवा केन्द्र | ४ | राजापुर |

## आयुर्वेद स्वास्थ्य केन्द्रको संगठनात्मक संरचना

लुम्बिनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

बर्दिया आयुर्वेद स्वास्थ्य केन्द्र

संगठनात्मक संरचना



## स्वीकृत दरवन्दी अनुसार पदपूर्तिको अवस्था

| क्र.सं. | पद | सेवा समूह | श्रेणी/तह | दरवन्दी | पदपूर्ति | रिक्त | दरवन्दी करार | काम काज | जम्मा कार्यरत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | आयुर्वेद चिकित्सक | स्वास्थ्य/आयुर्वेद | आठौं | १ | ० | १ | १ | ० | १ |
| २ | कविराज | स्वास्थ्य/आयुर्वेद | पाँचौ/छैठौं/सातौं | १ | १ | ० | ० | ० | १ |
| ३ | वैद्य | स्वास्थ्य/आयुर्वेद | चौथो/पाँचौ/छैठौं | २ | २ | ० | ० | ० | २ |
| ४ | सह लेखापाल | | | १ | ० | १ | ० | १ | १ |
| ५ | कार्यालय सहयोगी | | | २ | ० | २ | २ | ० | २ |
| जम्मा | | | | ७ | ३ | ४ | ३ | १ | ७ |

## आयुर्वेद स्वास्थ्य केन्द्रबाट प्रदान गरिने सेवाको विवरण

| क्र.सं. | सेवा विवरण | सेवा समय | लाग्ने शुल्क | जिम्मेवार शाखा/व्यक्ति | सेवा प्रदानमा लाग्ने समय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विरामी नाम दर्ता | ९-१५ वजे सम्म | निःशुल्क | नामदर्ता शाखाको कर्मचारी | तुरुन्त | |
| २ | ओ.पि.डी. सेवा | ९-१५ वजे सम्म | निःशुल्क | आयुर्वेद चिकित्सक तथा आयुर्वेद स्वास्थ्यकर्मी | तुरुन्त | |
| ३ | औषधी वितरण | ९-१५ वजे सम्म | निःशुल्क | औषधी वितरण शाखाको कर्मचारी | तुरुन्त | |
| ४ | प्राथमिक उपचार सेवा | ९-१५ वजे सम्म | निःशुल्क | आयुर्वेद चिकित्सक तथा आयुर्वेद स्वास्थ्यकर्मी | तुरुन्त | |
| ५ | पूर्वकर्म/पंचकर्म सेवा | ७-१४ वजे सम्म | समितिको निर्णय अनुसार | आयुर्वेद चिकित्सक तथा आयुर्वेद स्वास्थ्यकर्मी | प्राविधिको सल्लाह अनुसार | |
| ६ | आधारभुत प्रयोगशाला सेवा | ९-१५ वजे सम्म | समितिको निर्णय अनुसार | प्रयोगशाला शाखाको प्राविधिक कर्मचारी | तुरुन्त | |
| ७ | जेष्ठनागरिक स्वास्थ्य प्रवर्द्धन सेवा | ९-१५ वजे सम्म | निःशुल्क | औषधी वितरण शाखाको कर्मचारी | तुरुन्त | |
| ८ | स्तनपायी आमाका लागि औषधी वितरण सेवा | ९-१५ वजे सम्म | निःशुल्क | औषधी वितरण शाखाको कर्मचारी | तुरुन्त | |
| ९ | जडिबुटी तथा स्वास्थ्य सम्वन्धी परामर्श सेवा | ९-१७ वजे सम्म | निःशुल्क | आयुर्वेद चिकित्सक तथा आयुर्वेद स्वास्थ्यकर्मी | तुरुन्त | |
| १० | क्षारसूत्र विधि द्वारा | ९-१५ वजे | समितिको | आयुर्वेद चिकित्सक तथा | आयुर्वेद | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सामान्य शल्य चिकित्सा सेवा | सम्म | निर्णय अनुसार | आयुर्वेद स्वास्थ्यकर्मी | चिकित्सक/प्राविधिक कर्मचारीको सल्लाह र समन्वय बमोजिम | |
| ११ | नियमित योग अभ्यास सेवा | ५-६:३० वजे सम्म | नि:शुल्क | आयुर्वेद चिकित्सक तथा आयुर्वेद स्वास्थ्यकर्मी | हरेक दिन विहान | |
| १२ | स:शुल्क फार्मेसी सेवा | ९-१७ वजे सम्म | समितिको निर्णय अनुसार | स:शुल्क शाखाको कर्मचारी | तुरुन्त | |
| १३ | स्वर्णविन्दू प्राशन सेवा | ५-१०:०० वजे सम्म | नि:शुल्क | आयुर्वेद चिकित्सक तथा आयुर्वेद स्वास्थ्यकर्मी | हरेक पुष्य नक्षेत्रको दिन विहान | |
| १४ | एकीकृत स्वास्थ्य तथा सरसफाई कार्यक्रमहरु | बार्षिक कार्ययोजना बमोजिम निर्धारित समय | नि:शुल्क | आयुर्वेद चिकित्सक तथा आयुर्वेद स्वास्थ्यकर्मी | आयुर्वेद चिकित्सक/प्राविधिक कर्मचारीको सल्लाह र समन्वय बमोजिम | |
| १५ | आयुर्वेद सेवा कार्यक्रमहरु | बार्षिक कार्ययोजना बमोजिम निर्धारित समय | नि:शुल्क | आयुर्वेद चिकित्सक तथा आयुर्वेद स्वास्थ्यकर्मी | आयुर्वेद चिकित्सक/प्राविधिक कर्मचारीको सल्लाह र समन्वय बमोजिम | |

## आयुर्वेद स्वास्थ्य केन्द्रको भौतिक सम्पत्तिको विवरण

**आयुर्वेद स्वास्थ्य केन्द्रको नाममा रहेको जग्गाको क्षेत्रफल :** ०-०१-१०

स्वास्थ्य केन्द्रको जग्गाधनी पुर्जा अनुसार नाम र ठेगाना : जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, गुलरिया -०७, बर्दिया

**स्वास्थ्य केन्द्र वा अन्य भवनले चर्चेको क्षेत्रफल :** ०-०१-०५

| क्र.सं. | विवरण | जग्गाको स्वामित्व | घरको स्वामित्व | कि.नं. | क्षेत्रफल | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | घरको | जग्गाको | |
| १ | कार्यालयको भवन | ब.आ.स्वा.के. | ब.आ.स्वा.के. | | | ०.०१.१० | |
| २ | पंचकर्म भवन | ब.आ.स्वा.के. | ब.आ.स्वा.के. | | | | |
| ३ | शौचालय | ब.आ.स्वा.के. | ब.आ.स्वा.के. | | | | |

## स्वास्थ्यकेन्द्रको महत्वपूर्ण पहल(Significant Initiative of Health Centre)

- स्वस्थ ब्यक्तिको स्वास्थ्यको रक्षा गर्ने।
- रोगी ब्यक्तिको रोगको उपचार गर्ने।
- नसर्ने रोगहरुको रोकथामको उपायहरुको बारेमा जनचेतना जगाउने।
- योग तथा जिवनशैली प्रर्वद्धनको माध्यमबाट स्वास्थ्य प्रर्द्धधन संरक्षण आवश्यक उपचार तथा उचित परामर्श प्रदान गर्ने ।
- योग सम्बन्धि सैद्धान्तिक तथा प्रयोगात्मक योगाभ्यास एवं आवश्यकतानुसार रगतमा चिनीको मात्रा परीक्षणका साथै अन्य प्रयोगशाला परीक्षण समेत गर्ने र आवश्यक सल्लाह, सुझाव तथा उपचार सेवा समेत प्रदान गर्ने।
- विद्यार्थीहरुलाई विद्यालय तहदेखि नै आयुर्वेद, योग तथा जडिबुटीसम्बन्धी जनचेतना जगाउने। विद्यालयमा आयुर्वेद तथा योग सम्बन्धि सैद्धान्तिक तथा प्रयोगात्मक कक्षाहरु समेत सञ्चालन गर्ने।
- पुर्वकर्म/पञ्चकर्म सम्बन्धि सेवाहरु सञ्चालन गर्ने।
- ६० बर्ष पुरा भएका जेष्ठ नागरिकलाई स्वास्थ्य प्रर्वधनात्मक, उपचारात्मक, रसायन आयुर्वेद औषधिहरुबाट मानसिक तथा शारीरिक समस्यालई कम गर्ने तथा स्तनपायी आमाहरुलाई स्तन्यवर्द्धक आयुर्वेदिक औषधि वितरणका साथै स्तनपानको महत्वबारे जानकारी दिने।
- आयुर्वेद तथा बैकल्पिक चिकित्साका निजी स्वास्थ्य संस्था तथा फार्मेसीहरुको लगत तयार गर्ने।
- परम्परागत रुपमा उपचार गर्ने धामी, झाँक्री तथा घरेलु उपचारमा संलग्न स्वास्थ्यकर्मीहरु संग छलफल गरि आबश्यक पृष्ठपोषकासाथै प्रेषण पद्धतीको बिकास गर्ने।
- जिल्लामा पाईने जडिबुटीहरुको परिचय तिनीहरुको संकलन बजारिकरण आवश्यक सल्लाह सुझाबका तथा स्थानीय जडिबुटीद्वारा कसरी स्वास्थ्य रक्षा गर्न सकिन्छ भन्ने बारे आवश्यक जानकारी दिने ।

## Ayurveda Health facilities provided by Health Centre (Last 3 F/Y)

***Table 1: Ayurveda Health facilities provided by Health Centre***

| S.N. | Health Facilities | No. of patients who received Health Services | | |
|---|---|---|---|---|
| | | **2080/81** | **2081/82** | **2082/83** |
| 1. | OPD Services | 17957 | 24755 | 20931 |
| 2. | Geriatric Services (जेष्ठनागरिक सेवा) | 3972 | 4655 | 4073 |
| 3. | Breastfeeding mother Services (स्तनपायी आमा तथा शिशु सेवा) | 580 | 542 | 642 |
| 4. | Purvakarma/ Panchakarma | 5592 | 6817 | 7526 |
| 5 | Yoga | 2703 | 282 | 1651 |
| 6 | Lab | 2093 | 2045 | 2954 |
| 7. | Surgery | 7 | 1 | 32 |
| 8. | Nagarik Arogya Sewa | 16050 | 7364 | 12406 |
| 9. | Swarnabindu Prashan | - | - | 13361 |
| **Total** | | **48954** | **46461** | **63576** |

## Total clients served (Last 3 Fiscal Years)

***Figure 1:Total client served (Last Three Fiscal Years)***




## Ayurveda Health facilities provided by Health Centre (2082/83)

***Table 2: Ayurveda Health facilities provided by Health Centre***

| क्र.सं. | प्रदान गरिएका सेवाहरु | सेवाग्राही संङ्ख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १ | बहिरङ्ग सेवा | १२,०२४ | ८,९०७ | २०,९३१ | |
| २ | जेष्ठनागरिक सेवा | २,०५५ | २,०१८ | ४,०७३ | |
| ३ | स्तनपायी कार्यक्रम | ६४२ | - | ६४२ | |
| ४ | पूर्वकर्म/पंचकर्म सेवा | ४,३०३ | ३,२२३ | ७,५२६ | |
| ५ | योग सेवा | ९१२ | ७३९ | १,६५१ | |
| ६ | प्रयोगशाला सेवा | १,५०१ | १,४५३ | २,९५४ | |
| ७ | शल्य चिकित्सा सेवा | १७ | १५ | ३२ | |
| ८ | नागरिक आरोग्य सेवा | ७,११७ | ५,२८९ | १२४०६ | |
| ९ | स्वर्ण विन्दु प्राशन कार्यक्रम | ६,३०९ | ७,०५२ | १३,३६१ | |
| जम्मा | | ३४,८८० | २८,६९६ | ६३,५७६ | |

## Total clients served (2082/83)

*Figure 2:Total client served( 2082/83)*




| | OPD services | Geriatric Services | Safemotherhood Services | Purvakarma/Panchakarma | Yoga | Lab | Surgery | Nagarik Arogya Service | Swarnabindu Prashan |
|---|---|---|---|---|---|---|---|---|---|
| Male | 8907 | 2018 | 0 | 3223 | 739 | 1453 | 15 | 5289 | 7052 |
| Female | 12024 | 2055 | 642 | 4303 | 912 | 1501 | 17 | 7117 | 6309 |
| Total | 20931 | 4073 | 642 | 7526 | 1651 | 2954 | 32 | 12406 | 13361 |

## सेवा ग्राहिमा उल्लेखित विभिन्न सेवाबाट हुने लाभहरू

### १.बहिरङ्ग सेवा(OPD Service)

- सेवाग्राहीले सहज, सुलभ र निःशुल्क/कम खर्चमा स्वास्थ्य सेवा पाएका छन्।
- विभिन्न रोगको आयुर्वेदिक विधिबाट निदान तथा उपचार भएको छ।
- दीर्घरोगको नियमित उपचार तथा व्यवस्थापनमा सहयोग पुगेको छ।
- पथ्य–आहार, दिनचर्या र स्वस्थ जीवनशैली सम्बन्धी परामर्श प्राप्त भएको छ।
- रोगको समयमै पहिचान र उपचार गर्न सहयोग पुगेको छ।
- आवश्यकताअनुसार पञ्चकर्म, योग तथा अन्य आयुर्वेदिक सेवामा पहुँच बढेको छ।
- रोग रोकथाम तथा स्वास्थ्य प्रवर्द्धनसम्बन्धी ज्ञान बढेको छ।
- औषधि तथा उपचारबाट स्वास्थ्य अवस्थामा सुधार र जीवनस्तरमा सकारात्मक प्रभाव परेको छ।
- आवश्यक सेवाका लागि अन्य स्वास्थ्य संस्थामा Referral गर्ने व्यवस्था भएको छ।
- समुदायमा आयुर्वेदिक स्वास्थ्य सेवाप्रति विश्वास र पहुँच बढेको छ

### २.जेष्ठनागरिक सेवा(Geriatric Service)

- ज्येष्ठ नागरिकले नियमित स्वास्थ्य परीक्षण तथा आयुर्वेदिक उपचार सेवा प्राप्त गरेका छन्।
- उमेरसँग सम्बन्धित वातजन्य तथा दीर्घरोगको व्यवस्थापनमा सहयोग पुगेको छ।
- जोर्नी दुखाइ, कम्मर दुखाइ, शरीर दुख्ने, अपच, कब्जियत आदि समस्यामा राहत पाउन सहयोग भएको छ।
- आहार–विहार, दिनचर्या र स्वस्थ जीवनशैली सम्बन्धी परामर्श प्राप्त भएको छ।
- योग, प्राणायाम तथा स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन भएको छ।
- आवश्यकताअनुसार निःशुल्क/सहुलियतमा आयुर्वेदिक औषधि तथा सेवा प्राप्त भएको छ।
- रोगको समयमै पहिचान र उपचार हुन सहयोग पुगेको छ।
- नियमित स्वास्थ्य सेवाबाट शारीरिक क्षमता, सक्रियता र दैनिक जीवनयापनमा सुधार गर्न सहयोग पुगेको छ।
- ज्येष्ठ नागरिकमा स्वास्थ्यसम्बन्धी चेतना र आत्मविश्वास बढेको छ।
- परिवार तथा समुदायमा ज्येष्ठ नागरिकको स्वस्थ र सम्मानजनक जीवनयापनमा सहयोग पुगेको छ

### ३. स्तनपायी आमा सेवा (Lactating Mothers Service) तथा शिशु स्वास्थ्य

आयुर्वेद स्वास्थ्य केन्द्रबाट सुत्केरी तथा स्तनपान गराइरहेका आमालाई ६ महिनासम्म शतावरी चूर्ण वितरण गर्ने कार्यक्रमबाट निम्न फाइदाहरू भएको उल्लेख गर्न सकिन्छ ।

**आमामा भएका फाइदाहरू**

- स्तनपान गराउने आमाको पोषण तथा स्वास्थ्यमा सहयोग र सचेतना बढेको।
- आमाको शारीरिक कमजोरी तथा थकान कम गर्न सहयोग पुगेको।
- स्तनपान गराउन आवश्यक मातृ स्वास्थ्य र पोषणसम्बन्धी परामर्श प्राप्त भएको।
- आमामा स्तनपानप्रतिको सकारात्मक धारणा तथा नियमित स्तनपान गराउने बानीमा वृद्धि भएको।
- शतावरीको आयुर्वेदिक उपयोग तथा उचित आहार–विहारबारे जानकारी बढेको।
- नियमित स्वास्थ्य परीक्षण तथा फलोअप गर्ने अवसर प्राप्त भएको।

**शिशुमा भएका फाइदाहरू**

- आमाको पर्याप्त स्तनपानलाई प्रोत्साहन गर्न सहयोग पुगेको।
- आमाको पोषण र स्तनपानसम्बन्धी सुधारका कारण शिशुको पोषण तथा वृद्धि–विकासमा अप्रत्यक्ष सहयोग पुगेको।
- ६ महिनासम्म आमाको दूधलाई प्राथमिकता दिने व्यवहार प्रवर्द्धन भएको।
- शिशुको स्वास्थ्य तथा पोषण अवस्थाको नियमित अनुगमनमा सहयोग पुगेको।

## ४. स्वर्णविन्दु प्राशन सेवा कार्यक्रम(Swarnavindu Prashan Services)

आयुर्वेद स्वास्थ्य केन्द्रमा १ वर्षदेखि ५ वर्षसम्मका बालबालिकालाई स्वर्णविन्दु प्राशन कार्यक्रम सञ्चालन गर्दा भएका प्रमुख फाइदाहरू यसरी उल्लेख गर्न सकिन्छः

**बालबालिकामा हुने फाइदाहरू**

- बालबालिकाको स्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना बढेको।
- नियमित स्वास्थ्य परीक्षण तथा वृद्धि–विकासको अनुगमन गर्ने अवसर प्राप्त भएको।
- बालबालिकाको रोगप्रतिरोधात्मक क्षमता तथा समग्र स्वास्थ्य प्रवर्द्धन गर्ने उद्देश्यमा सहयोग पुगेको।
- बालबालिकाको शारीरिक तथा मानसिक विकासका लागि आवश्यक आहार–विहारसम्बन्धी परामर्श प्राप्त भएको।
- सामान्य स्वास्थ्य समस्या देखिएमा समयमै पहिचान गरी आवश्यक परामर्श तथा उपचार/प्रेषण गर्न सहयोग पुगेको।
- नियमित रूपमा स्वास्थ्य संस्थामा आउने बानीको विकास भएको।

**अभिभावकमा हुने फाइदाहरू**

- बालबालिकाको स्वस्थ आहार, सरसफाइ र दैनिक दिनचर्या सम्बन्धी ज्ञान बढेको।
- बालबालिकाको स्वास्थ्य संरक्षणमा आयुर्वेदिक पद्धतिको भूमिकाबारे जानकारी प्राप्त भएको।

- बालबालिकाको स्वास्थ्य समस्या तथा पोषण अवस्थाबारे स्वास्थ्यकर्मीसँग प्रत्यक्ष परामर्श गर्ने अवसर प्राप्त भएको।
- बाल स्वास्थ्यसम्बन्धी भ्रम तथा गलत धारणामा कमी ल्याउन सहयोग पुगेको।
- समग्र कार्यक्रमगत उपलब्धि
- आयुर्वेद स्वास्थ्य केन्द्रमा बाल स्वास्थ्य सेवाको पहुँच र उपयोगिता बढेको।
- समुदायमा आयुर्वेदिक बाल स्वास्थ्य सेवाप्रति आकर्षण तथा विश्वास बढेको।
- बालबालिकाको स्वास्थ्य प्रवर्द्धन तथा रोग रोकथामसम्बन्धी जनचेतना अभिवृद्धि भएको।
- नियमित सेवा, अभिलेख तथा फलोअप प्रणालीलाई प्रभावकारी बनाउन सहयोग पुगेको।

**सारांशमा**

१–५ वर्ष उमेर समूहका बालबालिकामा सञ्चालन गरिएको स्वर्णविन्दु प्राशन कार्यक्रमबाट बाल स्वास्थ्य प्रवर्द्धन, नियमित स्वास्थ्य परीक्षण तथा वृद्धि–विकास अनुगमन, पोषण एवं स्वस्थ आहार–विहारसम्बन्धी अभिभावकीय सचेतना अभिवृद्धि तथा आयुर्वेदिक स्वास्थ्य सेवाप्रति पहुँच र विश्वास बढाउन सहयोग पुगेको छ।

## ५. पञ्चकर्म सेवा(Purvakarma/Panchakarma Services)

आयुर्वेद स्वास्थ्य केन्द्रमा पूर्वकर्म तथा पञ्चकर्म सेवा विस्तार कार्यक्रम सञ्चालनबाट भएका प्रमुख फाइदाहरू:

- सेवाग्राहीलाई विशेष आयुर्वेदिक उपचार सेवा स्थानीय स्तरमै उपलब्ध भएको।
- विभिन्न वातव्याधि, स्नायु तथा मांसपेशीसम्बन्धी समस्यामा उपचार तथा व्यवस्थापनमा सहयोग पुगेको।
- अभ्यङ्ग, स्वेदन, शिरोधारा, बस्ति आदि उपचार सेवाको पहुँच विस्तार भएको।
- दीर्घकालीन स्वास्थ्य समस्यामा आयुर्वेदिक उपचारप्रति सेवाग्राहीको आकर्षण बढेको।
- पूर्वकर्म तथा पञ्चकर्मका लागि अन्य ठूला स्वास्थ्य संस्थामा जानुपर्ने बाध्यता र खर्चमा कमी आएको।
- सेवाग्राहीको समय र आर्थिक बचत भएको।
- स्वास्थ्य केन्द्रमा सेवाग्राहीको संख्या तथा सेवा उपयोगमा वृद्धि भएको।
- आयुर्वेदिक उपचार तथा स्वस्थ जीवनशैलीसम्बन्धी जनचेतना अभिवृद्धि भएको।
- उपचारसँगै आहार–विहार, योग तथा जीवनशैलीसम्बन्धी परामर्श प्रदान गर्न सहज भएको।
- आयुर्वेद स्वास्थ्य केन्द्रको सेवा क्षमता तथा विश्वसनीयता बढेको।
- स्वास्थ्यकर्मीको सीप तथा व्यावसायिक क्षमता अभिवृद्धि भएको।
- स्थानीय स्तरमा गुणस्तरीय आयुर्वेद स्वास्थ्य सेवा विस्तार गर्न सहयोग पुगेको।

**<u>सारांशमा</u>**

"पूर्वकर्म तथा पञ्चकर्म सेवा विस्तार कार्यक्रमबाट सेवाग्राहीले स्थानीय स्तरमै विशेष आयुर्वेद उपचार सेवा प्राप्त गर्नुका साथै समय तथा खर्चको बचत, दीर्घकालीन स्वास्थ्य समस्याको व्यवस्थापनमा सहयोग, आयुर्वेदिक उपचारप्रतिको विश्वासमा वृद्धि र स्वास्थ्य सेवाको पहुँच विस्तार भएको छ।"

## ६. योग सेवा कार्यक्रम(Yoga Services)

आयुर्वेद स्वास्थ्य केन्द्रमा दैनिक रूपमा थेराप्युटिक तथा प्रवर्द्धनात्मक योग कार्यक्रम सञ्चालनबाट भएका प्रमुख फाइदाहरूः

- विभिन्न रोग तथा स्वास्थ्य समस्यामा लक्षण न्यूनीकरण र स्वास्थ्य सुधार भएको।
- तनाव, चिन्ता तथा मानसिक थकान कम गर्न सहयोग पुगेको।
- नियमित योगबाट शारीरिक तन्दुरुस्ती, लचकता र कार्यक्षमता बढेको।
- उच्च रक्तचाप, मधुमेह, मोटोपन लगायत नसर्ने रोगको रोकथाम तथा व्यवस्थापनमा सहयोग पुगेको।
- श्वासप्रश्वाससम्बन्धी समस्या भएका सेवाग्राहीलाई श्वास अभ्यासबाट लाभ पुगेको।
- पाचन प्रणाली तथा निद्रामा सुधार ल्याउन सहयोग पुगेको।
- सेवाग्राहीमा स्वस्थ जीवनशैली र नियमित व्यायामको बानी विकास भएको।
- रोगको उपचारसँगै रोग रोकथाम र स्वास्थ्य प्रवर्द्धन गर्ने आयुर्वेदको अवधारणा प्रभावकारी भएको।
- समुदायमा योग तथा आयुर्वेदप्रति जनचेतना र आकर्षण बढेको।
- औषधिमा मात्र निर्भर नभई स्वस्थ जीवनशैलीमार्फत स्वास्थ्य संरक्षण गर्ने अभ्यास विकास भएको।

## ७. आधारभूत प्रयोगशाला सेवा (Basic Laboratory Services)

- रोगको प्रारम्भिक पहिचान तथा निदानमा सहयोग पुगेको।
- बिरामीको स्वास्थ्य अवस्था मूल्याङ्कन गर्न सहज भएको।
- चिकित्सकलाई उपयुक्त उपचार तथा औषधि छनोट गर्न सहयोग पुगेको।
- उपचारको प्रभावकारिता तथा रोगको अवस्थाको अनुगमन गर्न सहज भएको।
- आवश्यकताअनुसार बिरामीलाई समयमै विशेषज्ञ वा अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्न सहयोग पुगेको।
- सेवाग्राहीले बाह्य प्रयोगशालामा जानुपर्ने समय, खर्च र झन्झट कम भएको।
- स्वास्थ्य केन्द्रबाट प्रदान हुने सेवाको विश्वसनीयता र गुणस्तरमा वृद्धि भएको।
- NCD तथा अन्य सामान्य रोगहरूको screening गर्न सहज भएको।
- बिरामीको उपचारसम्बन्धी निर्णय प्रक्रियामा प्रमाणमा आधारित सहयोग पुगेको।
- स्वास्थ्य केन्द्रप्रति सेवाग्राहीको विश्वास र सन्तुष्टि बढेको।

## ८. शल्य चिकित्सा (Surgery Services)

आयुर्वेद स्वास्थ्य केन्द्रमा सामान्य शल्य चिकित्सा तथा गुदागत रोग शल्य चिकित्सा कार्यक्रमबाट भएका प्रमुख फाइदाहरू :

- स्थानीय स्तरमै सामान्य शल्य तथा गुदागत रोगको शल्य उपचार सेवा उपलब्ध भएको।
- अर्श(Piles), भगन्दर(Fistula), गुदविद्रधि(Pilonidal sinus,Abscess), परिकर्तिका(Fissure) लगायतका गुदागत रोगको समयमै उपचार तथा आवश्यक पर्ने बिरामीलाई समयमै उच्च स्वास्थ्य संस्थामा प्रेषण (Referral) गर्न सहज भएको।
- बिरामीलाई उपचारका लागि टाढाका अस्पतालमा जानुपर्ने समय र खर्चमा कमी आएको।
- क्षारसूत्र शल्य प्रविधिको प्रयोगबाट प्रभावकारी उपचारको अवसर बढेको।
- शल्य उपचारपछि पुनःरोग हुने सम्भावना घटाउन जीवनशैली, आहार तथा औषधि सम्बन्धी परामर्श उपलब्ध भएको।
- आयुर्वेद स्वास्थ्य केन्द्रप्रति सेवाग्राहीको विश्वास र आकर्षण बढेको।
- जटिल वा विशेषज्ञ उपचार
- स्वास्थ्य केन्द्रको सेवा दायरा र संस्थागत क्षमता वृद्धि भएको।
- सेवाग्राहीमा रोगको पहिचान, उपचार तथा स्वास्थ्य सचेतना अभिवृद्धि भएको।

## ९. नागरिक आरोग्य सेवा (Nagarik Arogya Services)

आयुर्वेद स्वास्थ्य केन्द्रद्वारा प्रदान हुने नागरिक आरोग्य सेवा कार्यक्रमबाट भएका प्रमुख फाइदाहरू:

- नागरिकमा स्वस्थ जीवनशैली, आहार–विहार र दिनचर्याबारे जनचेतना वृद्धि भएको।
- नसर्ने रोगहरू (मधुमेह, उच्च रक्तचाप, मोटोपन आदि) को रोकथाम तथा नियन्त्रणमा सहयोग पुगेको।
- नियमित योग, ध्यान, प्राणायाम तथा शारीरिक व्यायाम गर्ने बानीको विकास भएको।
- तनाव, चिन्ता, अनिद्रा लगायतका समस्यामा मानसिक स्वास्थ्य सुधार गर्न सहयोग पुगेको।
- नागरिकमा रोग लागेपछि उपचारभन्दा रोग लाग्न नदिनेतर्फ सकारात्मक सोचको विकास भएको।
- स्थानीय स्तरमै स्वास्थ्यसम्बन्धी परामर्श तथा प्रारम्भिक स्वास्थ्य जाँचको पहुँच बढेको।
- आयुर्वेदका स्वास्थ्य संरक्षण र रोगप्रतिरोधात्मक अवधारणाको प्रचार–प्रसार भएको।
- समुदायको स्वास्थ्यप्रति सक्रिय सहभागिता र जिम्मेवारीबोध बढेको।
- नियमित स्वास्थ्य निगरानीबाट जोखिममा रहेका नागरिकलाई समयमै स्वास्थ्य संस्थामा प्रेषण गर्न सहज भएको।
- आयुर्वेद स्वास्थ्य केन्द्रप्रति नागरिकको विश्वास, पहुँच र सेवाग्राही संख्या वृद्धि भएको।

# Total OPD Service

*Figure 3: Total  OPD visit*

**Bar Diagram (Male/female/Total)**




# Total Geriatric Service ( जेष्ठ नागरिक सेवा कार्यक्रम)

*Figure 4: Total Geriatric Services*

**Bar Diagram (Male/female/Total)**



## Lactating Mothers Service (स्तनपायी आमा कार्यक्रम)

*Figure 5: Total Breast Feeding Mothers Service* (स्तनपायी आमा कार्यक्रम)

*Bar Diagram (Male/female/Total)*




## Total Purvakarma/Panchakarma Services

*Figure 6: Total Purvakarma/Panchakarma Services*

*Bar Diagram (Male/female/Total)*



## Total Yoga Services

*Figure 7: Total Yoga Services*

*Bar Diagram (Male/female/Total)*




## Total Laboratory Services

*Figure 8: Total Laboratory Services*

*Bar Diagram (Male/female/Total)*



## Total Surgery Services

*Figure 9: Total Surgery Services*

*Bar Diagram (Male/female/Total)*




## Total Nagarik Arogya Services

*Figure 10: Total Nagarik Arogya Services*

*Bar Diagram (Male/female/Total)*



## Total Swarnavindu Prashan Services

*Figure 11: Total Swarnabindu Prashan Services*

*Bar Diagram (Male/female/Total)*




# कार्यक्रम विश्लेषण

*Table 3. कार्यक्रम विश्लेषण*

| क्र.सं | कार्यक्रम | लाभान्वित संख्या | सबल पक्ष र समस्याहरु | थप सुझावहरु |
|---|---|---|---|---|
| १ | "मेरो स्वास्थ्य मेरो जिम्मेवारी" समुदाय स्तरमा स्वस्थ जीवनशैली प्रवर्द्धन कार्यक्रम | ५४१ | सेवाग्राहीहरुलाई टोल टोलमा पुगेर कार्यक्रम गरी सेवा प्राप्त भएको हुँदा यसले ब्यक्ति तथा समाजको जिवन जिउने कलामा सकारात्मक परिवर्तन आएको । | प्रत्येक पालिकाका कम्तिमा सवै वडामा कार्यक्रम गर्नुपर्ने । |
| २ | शिक्षकहरुका लागि आयुर्वेद तथा योग सम्बन्धी अभिमुखीकरण तथा स्किनिङ्ग कार्यक्रम | ६० | विद्यालयका शिक्षकहरुमा कार्यक्रम प्रति उत्साही भई विद्यालयमा सो कार्यक्रम सम्बन्धमा सम्पूर्ण शिक्षकहरुका लागी अभिमुखिकरणको माग भएको। | जिल्लामाका सम्पुर्ण बिद्यालयलाई समेटने गरि कम्तिमा एउटा बिद्यालयको १ शिक्षकलाई कार्यक्रममा समावेश गर्नेगरी कार्यक्रम ब्यवस्थापन गरिनुपर्ने । |
| ३ | स्वस्थकर जीवन शैली प्रवर्द्धनमा गृहणीहरुका लागि भान्सा सुधार कार्यक्रम | ८९ | स्थानिय तहहरुका प्रतिनिधिहरुमा पनि यस्ता कार्यक्रमको आवश्यकता महशुस भएको। | प्रत्येक पालिकाका कम्तिमा सवै वडामा कार्यक्रम गर्नुपर्ने । |
| ४ | आयुर्वेद स्वास्थ्य केन्द्रमा | ७५२६ | कार्यक्रम सञ्चालनमा नियुक्त चिकित्सकको पारिश्रमिकको कमि हुँदा समस्या भएको । | न्यूनतम पारीश्रमिक र ब्यवस्थापन खर्च पुग्ने गरि वजेट विनियोजन |

| | | | | |
|---|---|---|---|---|
| | पञ्चकर्म सेवा विस्तार | | | हुनुपर्ने । |
| ५ | मानसिक स्वास्थ्य प्रवर्धनका लागि योग ध्यान कार्यक्रम | ३६६ | सहभागिहरुले मानसिक स्वास्थ्य तथा यसको जोखिम सम्वन्धी जानकार भए । सकारात्मक सोंच तथा जिवनशैली अपनाउनका अपनाउन प्रेरित भए । योग ध्यानको प्रयोगात्मक अभ्यासबाट नसर्ने रोग विशेष गरि मानसिक रोग न्यूनिकरण तथा व्यवस्थापनमा महत्वपूर्ण भूमिका रहनेछ। | कार्यक्रमको समयावधी बढाउनुपर्ने । |
| ६ | स्वर्णविन्दु प्राशन कार्यक्रम (५ वर्ष मुनिका वालबालिकाको स्वास्थ्य प्रवर्द्धनार्थ) | १३३६१ | बालबालिकाको रोगप्रतिरोधात्मक क्षमता बढाउने, शारीरिक तथा मानसिक विकासमा सहयोग पुग्ने, स्मरणशक्ति, एकाग्रता तथा बौद्धिक क्षमताको विकासमा उपयोगी भएको ।<br>बजेट अपर्याप्त हुँदा सबै इच्छुक बालबालिकालाई नियमित सेवा दिन कठिनाइ। | बजेट बढाउनुपर्ने |
| जम्मा | | ८५८२ | | |

*Table 4:* **<u>Status of availability of infrastructure and equipment in center</u>**

| S.N. | Instrument / Equipment | Numbers |
|---|---|---|
| 1 | Microscope | 1 |
| 2 | Calorimeters | 1 |
| 3 | Centrifuge | 1 |
| 4 | Fridge | 2 |
| 5 | Hot air oven | 1 |
| 6 | Autoclave | 2 |
| 7 | Micro Pipate | 5 |
| 8 | Dry-bath | 0 |
| 9 | Semi-Auto Analyser | 1 |
| 10 | Sirodhara table | 2 |
| 11 | E.N.T. set | 1 |
| 12 | B.P. set | 4 |
| 13 | Weighing machine | 2 |
| 14 | Baby weight machine | 1 |
| 15 | Steam–box sitting | 2 |
| 16 | Desk top computer | 2 |
| 17 | Laptop | 5 |
| 18 | Printer | 5 |
| 19 | Nadi-swedan yantra | 2 |
| 20 | Grinder –machine | 1 |
| 21 | Gluco meter | 3 |
| 22 | Steam- box Laying | 1 |
| 23 | Power back-up | 1 |
| 24 | Inverter | 2 |

| S.N. | Instrument / Equipment | Numbers |
|---|---|---|
| 25 | Projector | 1 |
| 26 | Maasge Table | 1 |
| 27 | U.S.G machine | 0 |
| 28 | X-ray machine | 0 |
| 29 | Solar heater | 0 |
| 30 | Washing machine | 0 |
| 31 | Deluxe bed | 0 |

# नागरिक आरोग्य कार्यक्रम

*Table 5. Numbers of Nagrik Arogya Kendra and service provided*

| S.N | Nagrik Arogya Kendra | Total Number of Client served | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | OPD Services | Purvakarma | Yoga | Lifestyle modification | School Health Program | Home based treatment to citizen above 70 yrs |
| १ | **Nagrik Arogya Kendra, Madhuwan** | ४३०१ | ११२६ | २२६ | ३४४७ | ३०४ | २२४ |
| २ | **Nagrik Arogya Kendra, Bansgadhi** | ३४४५ | - | ३०३ | ५३९ | ५३२ | १०६ |
| ३ | **Nagrik Arogya Kendra, Thakurbaba** | २९२१ | ३१३ | ४८ | १६६ | - | ७८० |
| ४ | **Nagrik Arogya Kendra, Rajapur** | ४५११ | - | ८३२ | २९०४ | - | ४८ |
| **Total** | | १५१७८ | १४३९ | १४०९ | ७०५६ | ८३६ | ११५८ |

## Budget & financial progress as per initial allocated (Amount in NPR thousand)

*Table 6- Budget allocated*

| क्र.सं. | स्रोत | बजेट उपशिर्षक नं. | उपशिर्षक/कार्यक्रम | बजेट रु हजारमा | खर्च रु हजारमा | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | संघ | ३७०९११२९३ | जेष्ठ नागरिकका लागि स्वास्थ्य प्रवर्द्धन सेवा कार्यक्रम | १०० | ९९.९६८ | ९९.९६ |
| २ | संघ | ३७०९११२९३ | स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धवर्धक जडिबुटी तथा अन्य औषधी वितरण कार्यक्रम | १०० | ९९.८२ | ९९.८२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | संघ | ३७०९११२९३ | पंचकर्म/पूर्वकर्म कार्यक्रम | ५२० | ५२० | १०० |
| ४ | संघ | ३७०९११२९३ | नागरिक आरोग्य सेवा केन्द्र तथा अभियान संचालन खर्च | १०० | १०० | १०० |
| ५ | संघ | ३७०९११२९३ | प्रयोगशाला संचालन (अन्य सेवा शुल्क समेत) | ४१७ | ४१६.७६ | ९९.९४ |
| ६ | संघ | ३७०९११२९३ | औषधी खरिद | ८०० | ७९९.९६९ | ९९.९९ |
| ७ | संघ | ३७०९११२९३ | स्वर्णविन्दु प्राशन कार्यक्रम (५ वर्ष मुनीका बालबालिकाको स्वास्थ्य प्रवर्द्धानर्थ) | ३०० | ३०० | १०० |
| ८ | प्रदेश | ३७००००१२३ | आयुर्वेद स्वास्थ्य केन्द्रमा पंचकर्म सेवा विस्तार | १००० | ९९९.०१८ | ९९.९ |
| ९ | प्रदेश | ३७००००१२३ | स्वस्थकर जीवनशैली प्रवर्धनमा गृहणीहरुका लागि भान्सा सुधार कार्यक्रम | २०० | २०० | १०० |
| १० | प्रदेश | ३७००००१२३ | प्रयोगशाला कन्ज्युमेवल सामाग्री सहयोग | १०० | ९९.६१४ | ९९.६१ |
| ११ | प्रदेश | ३७००००१२३ | विद्यालय शिक्षकहरुका लागि आयुर्वेद तथा योग सम्वन्धी अभिमुखिकरण तथा स्क्रिनिङ्ग कार्यक्रम | २०० | २०० | १०० |
| १२ | प्रदेश | ३७००००१२३ | “मेरो स्वास्थ्य मेरो जिम्मेवारी” समुदाय स्तरमा स्वस्थ जीवाशैली प्रवर्धन कार्यक्रम | २०० | २०० | १०० |
| १३ | प्रदेश | ३७००००१२३ | मानसिक स्वास्थ्य सेवा प्रवर्द्धनका लागि योग ध्यान कार्यक्रम | ३०० | २९९.७८० | ९९.९२ |
| १४ | प्रदेश | ३७००००१२३ | जिल्ला स्तरीय वार्षिक समिक्षा तथा योजना तर्जुमा गोष्ठी | १०० | १०० | १०० |
| १५ | प्रदेश | ३७००००१२३ | स्थानीय तहका स्वास्थ्य संस्थाहरु र आयुर्वेद स्वास्थ्य संस्थाहरुमा eAHMIS संचालन | ४०० | ३९४.४९५ | ९८.८७ |
| १६ | प्रदेश | ३७००००१२३ | मातृशिशु स्वास्थ्य एवं जेष्ठ नागरिक कार्यक्रम | १०० | ९९.६० | ९९.६० |
| १७ | पुँजिगत | ३७००१०१४४ | कार्यालयको लागि फर्निचर फिकसर्स खरिद | ८८.५२ | ८८.१६ | १०० |
| १८ | पुँजिगत | ३७००१०१४४ | ल्यापटप डेस्कटप फोटोकपी स्क्यानर खरिद | ८० | ७९.९४७ | ९९.९३ |
| **जम्मा** | | | | **५१०५.५२** | **५०९८.१३१** | **९९.८५** |
| चालु तर्फ | | | | ६४७७ | ४९५८.४६७३ | ७६.५५ |

## Issues and recommendations

*Table 7: Issues and recommendations in Centre*

| Key Issues | Recommendation | Responsibility |
|---|---|---|
| कर्मचारी अभाव | दरवन्दी अनुसार पदपुर्ति हुनुपर्ने । | PPSC, Moh, HD |
| औषधी कमी | आवश्यक बजेट/औषधीको व्यवस्था हुनुपर्ने । | MoH |
| उपकरण कमी | आवश्यक उपकरणहरुको व्यवस्था हुनुपर्ने । | Moh, HD |

| | | |
|---|---|---|
| सरसफाई सम्वन्धी उपकरणहरु | Laundry व्यवस्थापनका लागि आवश्यक उपकरणहरुको व्यवस्था हुनुपर्ने । | Moh, HD |
| जग्गा तथा भवन अभाव | सेवा प्रवाह तथा विस्तारमा कठिनाई | Moh, HD |

# विकास समिति विवरण

### अस्पताल विकास समिति (गठन तथा सञ्चालन) नियमावली, २०८०,पहिलो शंसोधन २०८१ बमोजिम

| क्र.सं. | पद | नाम | ठेगाना | सम्पर्क मोवाईल नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री गंगा प्रसाद लामिछाने | गुलरिया ७ बर्दिया | ९८४१६४११६० | |
| २ | सदस्य (नगर प्रमुख) | श्री मुक्तिनाथ यादव | गुलरिया नगरपालिका बर्दिया | ९८५८०२६२९५ | |
| ३ | महिला सदस्य | श्री बसन्ती के.सी. | मधुवन ९ बर्दिया | ९८५८०३०५६१ | |
| ४ | सदस्य (प्रशासकीय अधिकृत) | श्री कर सिहं राना | जिल्ला प्रशासन कार्यालय बर्दिया | ९८४८०८३३५३ | |
| ५ | सदस्य सचिव (नि. कार्यालय प्रमुख) | डा. यक राज भण्डारी | बर्दिया आयुर्वेद स्वास्थ्य केन्द्र गुलरिया | ९८५८०३२०२२ | |

# कार्यालय प्रमुख र सूचना अधिकारीको विवरण

| क्र. सं. | पद | नाम | सम्पर्क मोवाईल नं. | Email | कैफियत |
|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | डा. यक राज भण्डारी | ९८५८०३२०२२ | dahc.gbr@gmail.com | |
| २ | सूचना अधिकारी | लोकराज पाण्डे | ९८५८०३८०२२ | dahc.gbr@gmail.com | |

# विभिन्न कार्यक्रमहरुका झलकहरु:


















# Action plan of Centre:

***Table 8- Action Plan***

## वार्षिक कार्ययोजना फारम (Action Plan & Calendar of Operation) २०८३/८४

| क्र. सं. | के (गर्ने कामको विवरण) | कहिले समयावधी) | | | | | | | | | | | | कस्ले | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | श्रा | भा | अ | का | मं | पु | मा | फा | चै | वै | जे | आ | प्रमुख जिम्मेवारी | सहायक जिम्मेवारी | |
| १ | जिन्सी निरिक्षण | | | | | | | | | | | | | ब.आ.स्वा.के. | ब.आ.स्वा.के. | |
| २ | खरिद ईकाइ गठन | | | | | | | | | | | | | ब.आ.स्वा.के. | ब.आ.स्वा.के. | |
| ३ | आयुर्वेद स्वास्थ्य केन्द्रमा पंचकर्म सेवा विस्तार तथा निरन्तरता | | | | | | | | | | | | | पंचकर्म शाखा | ब.आ.स्वा.के. | |
| ४ | जिल्ला स्तरीय वार्षिक समिक्षा तथा योजना तर्जुमा गोष्ठी | | | | | | | | | | | | | ब.आ.स्वा.के. | ब.आ.स्वा.के. | |
| ५ | प्रयोगशाला कन्ज्युमेवल सामाग्रि सहयोग | | | | | | | | | | | | | जिन्सी शाखा | ब.आ.स्वा.के. | |
| ६ | संचालनमा रहेका eHMIS लगायत अन्य सफ्टवेर नवीकरण | | | | | | | | | | | | | ब.आ.स्वा.के. | ब.आ.स्वा.के. | |
| ७ | महिला बालबालिका तथा किशोरीको स्वास्थ्य तथा पोषण सुधार कार्यक्रम | | | | | | | | | | | | | ब.आ.स्वा.के. | ब.आ.स्वा.के. | |
| ८ | स्वर्णविन्दु प्राशन कार्यक्रम | | | | | | | | | | | | | ब.आ.स्वा.के. | ब.आ.स्वा.के. | |
| ९ | मातृशिशु स्वास्थ्य एवं ज्येष्ठ नागरिक कार्यक्रम | | | | | | | | | | | | | ब.आ.स्वा.के. | ब.आ.स्वा.के. | |
| १० | "मेरो स्वास्थ्य मेरो जिम्मेवारी" समुदाय स्तरमा स्वास्थ्य जीवनशैली प्रवर्द्धन कार्यक्रम | | | | | | | | | | | | | ब.आ.स्वा.के. | ब.आ.स्वा.के. | |
| ११ | मोटोपन रोकथाम र नियन्त्रणका लागि स्क्रिनिंग र जीवनशैली कार्यक्रम | | | | | | | | | | | | | ब.आ.स्वा.के. | ब.आ.स्वा.के. | |
| १२ | मानसिक स्वास्थ्य सेवा प्रवर्द्धनका लागि योग ध्यान कार्यक्रम | | | | | | | | | | | | | ब.आ.स्वा.के. | ब.आ.स्वा.के. | |
| १३ | ज्येष्ठ नागरिकका लागि स्वास्थ्य प्रवर्धन कार्यक्रम | | | | | | | | | | | | | ब.आ.स्वा.के. | ब.आ.स्वा.के. | |
| १४ | स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धवर्धक जडिबुटी तथा अन्य औषधी वितरण कार्यक्रम | | | | | | | | | | | | | ब.आ.स्वा.के. | ब.आ.स्वा.के. | |
| १५ | नागरिक आरोग्य अभियान तथा समन्वय | | | | | | | | | | | | | ब.आ.स्वा.के. | ब.आ.स्वा.के. | |
| १६ | स्वर्णविन्दु प्राशन कार्यक्रम (५ वर्ष मुनिका बालबालिकाको स्वास्थ्य प्रवर्द्धनार्थ) | | | | | | | | | | | | | ब.आ.स्वा.के. | ब.आ.स्वा.के. | |
| १७ | प्रयोगशाला संचालन (अन्य सेवा शुल्क समेत) | | | | | | | | | | | | | ब.आ.स्वा.के. | ब.आ.स्वा.के. | |
| १८ | पंचकर्म/पुर्वकर्म कार्यक्रम | | | | | | | | | | | | | पंचकर्म शाखा | ब.आ.स्वा.के. | |
| १९ | विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम | | | | | | | | | | | | | ब.आ.स्वा.के. | ब.आ.स्वा.के. | |
| २० | औषधी खरिद | | | | | | | | | | | | | जिन्सी शाखा | ब.आ.स्वा.के. | |
| २१ | आयुर्वेद चिकित्सालय/स्वास्थ्य केन्द्रको सेवा सुदृढीकरणका लागि आवश्यक औजार उपकरण खरिद | | | | | | | | | | | | | जिन्सी शाखा | ब.आ.स्वा.के. | |
| २२ | कार्यालयका लागि फर्निचर फिक्सर्स खरिद | | | | | | | | | | | | | जिन्सी शाखा | ब.आ.स्वा.के. | |
| २३ | ल्यापटप डेस्कटप फोटोकपी स्क्यानर खरिद | | | | | | | | | | | | | जिन्सी शाखा | ब.आ.स्वा.के. | |